# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, चैत्र ०२ गते, २०८२ साल (अतिरिक्ताङ्क ३४

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

# आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ को उपदफा (४) एवं दफा १९ को कार्यान्वयन साथै प्रदेश सरकारले सञ्चालन गर्ने विकास योजना तथा आयोजनालाई वर्गीकरण, प्राथमिकीकरण र छनौट सम्बन्धी मापदण्ड निर्धारण गरी आयोजना बैङ्क व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ नियम २७ को उपनियम (१) बमोजिम कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(क) "आयोग" भन्नाले कोशी प्रदेश योजना आयोग सम्झनु पर्दछ।

(ख) "आयोजना" भन्नाले प्रदेशको विकासको लागि कुनै विषय क्षेत्रमा निश्चित अवधिभित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने आयोजना वा परियोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ।

(ग) "आयोजना बैङ्क" भन्नाले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ को उपदफा (२) बमोजिम स्वीकृत बजेट कार्यान्वयनको लागि योग्य आयोजनाको लगत वा सूचीलाई सम्झनु पर्दछ।

(घ) "आयोजना बैङ्क सूचना प्रणाली" भन्नाले आयोजना बैङ्क व्यवस्थापनको लागि आयोगले स्थापना तथा सञ्चालन गरेको आयोजना बैङ्क सूचना प्रणालीलाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले प्रदेश सरकारका सबै मन्त्रालय, निर्देशनालय वा अन्य निकाय र ती निकाय मातहतका सरकारी कार्यालयलाई सम्झनु पर्दछ।

(च) "चालु प्रकृतिका आयोजना वा कार्यक्रम" भन्नाले सिप विकास, तालिम, गोष्ठी, परामर्श सेवा, औषधी तथा स्वास्थ्य उपकरण खरिद, संस्थालाई अनुदान, छात्रवृत्ति, सामाजिक सुरक्षा लगायतका भौतिक पूर्वाधार निर्माण बाहेकका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ।

(छ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ।

(ज) "बहुवर्षीय आयोजना" भन्नाले एक आर्थिक वर्षभन्दा बढी अवधिमा कार्यान्वयन हुने गरी बहुवर्षीय ठेक्काको स्रोत सहमति लिई सञ्चालन गरिने आयोजनालाई सम्झनु पर्दछ।

(झ) "विषयगत मन्त्रालय" भन्नाले आयोजना तथा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालयलाई सम्झनु पर्दछ।

(ञ) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ट) “स्थानीय तह” भन्नाले कोशी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ र सो शब्दले उपमहानगरपालिका वा महानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद-२

## आयोजनाको वर्गीकरणका मार्गदर्शन र प्राथमिकीकरणको आधार तथा मूल्याङ्कन

३. आयोजना वर्गीकरणका मार्गदर्शक आधारः आयोगले आयोजनाको वर्गीकरण गर्दा देहायका विषयलाई मार्गदर्शक आधारको रुपमा लिनेछः-

(क) नेपालको संविधानमा उल्लिखित मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति,

(ख) नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तह बिचको सम्बन्धका सिद्धान्त,

(ग) नेपालको संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको सूची,

(घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ ले आयोजना तर्जुमा र कार्यान्वयन सम्बन्धमा गरेको व्यवस्था,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९,

(च) नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदन,

(छ) प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९,

(ज) प्रदेश सरकारको दीर्घकालीन सोच र आवधिक योजनाका नीति, रणनीति, कार्यनीति र प्रक्षेपित लक्ष्य,

(झ) प्रदेश मन्त्रालयको क्षेत्रगत नीति, रणनीति, योजना र तिनले निर्दिष्ट गरेका लक्ष्य,

(ञ) दिगो विकास लक्ष्य तथा विकास सम्बन्धी अन्य अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धता,

(ट) नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम प्रदेश सरकारले पूरा गर्नु पर्ने दायित्व वा सर्त।

४. <u>आयोजना वर्गीकरणः</u> (१) सम्बन्धित विषयगत मन्त्रालय, कार्यालय वा स्थानीय तहले आयोजना कार्यान्वयनबाट विकासका विविध क्षेत्र र पक्षमा पुग्ने योगदान र कायम गर्नुपर्ने सन्तुलन समेतको आँकलन एवं मूल्याङ्कन गर्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आयोजनाको छनौट गर्नु अघि अनुसूची-१ मा उल्लेख भए बमोजिम आयोजनाको वर्गीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजनाको वर्गीकरण गर्दा मुख्य क्षेत्र तथा उपक्षेत्र छुट्टिने गरी अनुसूची-२ बमोजिम आयोजनासँग सम्बन्धित विषयगत क्षेत्र निर्धारण गर्नु पर्नेछ।

५. **आयोजनाको प्राथमिकीकरणको आधार तथा मूल्याङ्कनः** आयोजनाको प्राथमिकीकरणको मूल्याङ्कन गर्दा देहाय बमोजिमको सामान्य र क्षेत्रगत आधारमा अनुसूची-३ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछः-

(क) सामान्य आधारः-

(१) प्रदेशको तीव्र, दिगो र रोजगार मूलक आर्थिक वृद्धिमा पुऱ्याउने योगदान,

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न पुऱ्याउने योगदान,

(३) सहभागिताको अवस्था,

(४) क्षेत्रीय तथा सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा पुऱ्याउने योगदान,

(५) आयोजनाको पूर्व कार्य सम्पादन, कार्यान्वयन गर्न लाग्ने समय र पूर्व तयारी,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(६) प्रदेशको अधिकारक्षेत्र तथा कार्य जिम्मेवारी,

(७) अपेक्षित लाभान्वित जनसङ्ख्या।

(ख) क्षेत्रगत आधारः-

(१) चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा पुग्ने योगदान,

(२) दिगो विकासका विषय क्षेत्रगत लक्ष्य प्राप्तिमा पुग्ने योगदान।

## परिच्छेद-३

## आयोजना प्रस्ताव, आयोजना तर्जुमा र स्वीकृति

६. **आयोजना प्रस्तावः** (१) यस कार्यविधि बमोजिम आयोगले कम्तीमा तीन महिनाको समयावधि तोकी प्रत्येक वर्षको कार्तिक मसान्तभित्रमा आयोजना बैङ्क प्रणालीमा प्रस्तावित आयोजना प्रस्तावको प्रविष्टि गर्न सार्वजनिक सूचना आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजनाको प्रस्ताव माग गरिएको अवधिभित्र स्थानीय तह तथा कार्यालयले दफा ११ बमोजिमको आयोजना बैङ्क सूचना प्रणालीमा प्रस्तावित आयोजनाको प्रविष्टि गर्नु पर्नेछ।

(३) विषयगत मन्त्रालय, कार्यालय तथा स्थानीय तह बाहेक अन्य सरोकारवालाले आयोजना प्रस्ताव गर्दा

चालु प्रकृतिका आयोजना वा कार्यक्रमको हकमा अनुसूची-४ बमोजिमको ढाँचामा र पुँजीगत आयोजनाको हकमा

अनुसूची-५ बमोजिमको ढाँचामा उपदफा (१) बमोजिमको सूचनामा तोकिएको कार्यालयमा आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त आयोजना प्रस्ताव सम्बन्धित कार्यालयले आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(५) कुनै प्राविधिक कारणले आयोजना बैङ्क सूचना प्रणाली सञ्चालन गर्न नसकिने अवस्था रहेको भनी आयोगले सूचना प्रकाशन गरेमा अनुसूची-४ वा अनुसूची-५ बमोजिमका आयोजना प्रस्ताव फाराम प्रयोग गरी कार्यालय, स्थानीय तहले आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम प्रस्तावित आयोजनाको विवरण कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा लगत तयार गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम आयोजना प्रस्ताव गर्दा देहाय बमोजिम न्यूनतम लागत भएका आयोजना मात्र प्रस्ताव गर्नु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | सडक तथा पुल | - रू. १ करोड |
| (ख) | झोलुङ्गे Fपुल | - रू. २५ लाख |
| (ग) | सिंचाई | - रू. २५ लाख |

| | | |
|---|---|---|
| (घ) | शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (ङ) | खेलकुद सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (च) | खानेपानी आयोजना | - रू. २५ लाख |
| (छ) | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. ५० लाख |
| (ज) | धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूर्वाधार | - रू. २५ लाख |
| (झ) | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. २५ लाख |
| (ञ) | शहरी क्षेत्रको ढल तथा नाली निर्माण | - रू. २५ लाख |
| (ट) | प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार | - रू. २५ लाख |
| (ठ) | माथि उल्लेख भए बाहेकका अन्य आयोजना | - रू. २५ लाख |

तर खण्ड (क) बमोजिमको आयोजनाको लागि बहुवर्षीय आयोजना सञ्चालन गर्नका लागि अधिकतम तिस करोड सम्मको आयोजना प्रस्ताव गर्नु पर्नेछ र सामाजिक पूर्वाधारका कार्यक्रममा पन्ध्र करोड भन्दा बढीको प्रस्ताव गर्न पाइने छैन।

(८) उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विशेष आयोजनाको रुपमा कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(९) उपदफा (७) मा उल्लिखित बाहेक देहायका आयोजनाको हकमा न्यूनतम लागत सीमा लागु हुनेछैनः-

(क) एउटै आर्थिक वर्षमा तत्काल सम्पन्न गर्नुपर्ने आयोजना वा मर्मतसम्भारका आयोजना,

(ख) यो कार्यविधि लागु हुनुअघि निर्माणाधीन क्रमागत आयोजना,

(ग) विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजना तथा क्षतिग्रस्त आयोजना,

(घ) स्थानीय तहलाई सषर्त अनुदान दिइने कार्यक्रम वा आयोजना।

७. <u>आयोजना तर्जुमा गोष्ठीः</u> (१) दफा ६ बमोजिम प्रस्तावित र कार्यालयले आवश्यकता पहिचान गरेका सम्भाव्य तथा कार्यान्वयन योग्य आयोजनाहरूको छनौट गरी आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्टि गर्न आयोगले आर्थिक मामिला विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी आवश्यकता अनुसार आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजना तर्जुमा गोष्ठी सञ्चालनको विधि र प्रक्रिया अनुसूची-७ बमोजिम हुनेछ।

(३) आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्नु पूर्व आर्थिक मामिला विषय हेर्ने मन्त्रालयले योजना आयोगको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

समन्वयमा प्रत्येक आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा कार्यतालिका तयार गरी कार्यान्वयन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम सञ्चालन भएको आयोजना तर्जुमा गोष्ठीले छनौट गरेका आयोजनाको विवरण कार्यालयले अनुसूची-८ बमोजिमको ढाँचामा लगत तयार गर्नु पर्नेछ।

८. <u>आयोजना सूचीः</u> (१) दफा ६ र ७ बमोजिम छनौट भएका आयोजना कार्यालयले अनुसूची-९ र अनुसुची-१० बमोजिमको सूचक र अङ्क भारका आधारमा विश्लेषण र मूल्याङ्कन गरी प्राथमिकता सहित आयोजना सूची तयार गरी विषयगत मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजनाको सूची तयार गर्दा आयोजनाको प्राथमिकता र पूर्वतयारीको अवस्थाको आधारमा कार्यान्वयन योग्य आयोजनाको वर्गीकरण समेत गर्नु पर्नेछ।

९. <u>आयोजनाको सिफारिसः</u> (१) दफा ८ बमोजिम प्राप्त आयोजनाको सूची बाट विषयगत मन्त्रालयले आवधिक योजनाको लक्ष्य, उद्देश्य, सरकारको नीति तथा कार्यक्रम समेतका आधारमा उपयुक्त आयोजना छनौट गरी आयोजना बैङ्कमा समावेश गर्न सिफारिस साथ आयोगमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) विषयगत मन्त्रालयले उपदफा (१) बमोजिम आयोजना सिफारिस गर्दा आवश्यक्ता अनुसार देहायका आधारमा आयोजनाको विश्लेषण गरेको हुनु पर्नेछः-

(क) आयोजनाको आवश्यकता र औचित्यताको विश्लेषण,

(ख) आयोजनाको लागत-लाभ विश्लेषण,

(ग) आयोजनाको प्राविधिक विश्लेषण,

(घ) आयोजनाको वातावरणीय विश्लेषण,

(ङ) आयोजनाको कानुनी पक्षको विश्लेषण,

(च) आयोजनाको समानुपातिक विश्लेषण।

## परिच्छेद-४

## आयोजना बैङ्क

१०. आयोजना बैङ्क सञ्चालन गरिनेः (१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ को उपदफा (२) बमोजिम प्रदेशमा एक आयोजना बैङ्क रहनेछ।

(२) आयोगले उपदफा (१) बमोजिमको आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नेछ।

(३) आयोजना बैङ्कमा देहायका आयोजनाहरू रहन सक्नेछनः-

(क) प्रदेश सरकारबाट स्वीकृत वा घोषणा भएको प्रदेश गौरवका आयोजना, प्रदेशको आवधिक योजनामा समेटिएका

तथा प्रदेशको नीति तथा कार्यक्रममा समेटिएका रुपान्तरणकारी आयोजना वा परियोजना वा प्रमुख कार्यक्रम वा विशेष आयोजना तथा तत्काल सञ्चालन गर्नु पर्ने कार्यक्रम,

(ख) प्रदेश राजपत्रमा प्रकाशित प्रदेशस्तरका भौतिक पूर्वाधार निर्माणका नयाँ आयोजना वा मर्मत सम्भार गर्नुपर्ने आयोजना,

(ग) बहुवर्षीय आयोजना,

(घ) स्थानीय तहबाट ससर्त वा समपूरक वा विशेष अनुदान मार्फत् सञ्चालन गर्नका लागि प्रस्ताव भएको आयोजना वा अन्य आयोजना,

(ङ) सङ्घीय बजेटबाट विनियोजन भई आएका बैदेशिक सहायताबाट सञ्चालित आयोजना एवं कार्यक्रम र अन्य आयोजना र सङ्घीय सरकारबाट प्रदेशमा हस्तान्तरण भई आएका आयोजना,

(च) चालु प्रकृतिका आयोजना वा कार्यक्रम,

(छ) जिल्लास्तरीय वा निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीबाट छनौट भएका आयोजना एवं सम्बन्धित मन्त्रालय तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कार्यालयबाट आवश्यकता पहिचान भएका आयोजना।

(४) विषयगत मन्त्रालय र स्थानीय तहले आयोजना बैङ्कमा समावेश भएका आयोजनाको मौजुदा सूचीलाई प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

११. <u>आयोजना बैङ्क सूचना प्रणाली सम्बन्धी व्यवस्थाः</u> (१) आयोगले आयोजना बैङ्क व्यवस्थापन एवं सञ्चालनका लागि विद्युतीय आयोजना बैङ्क सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रणालीमा आयोजना प्रविष्ट गर्न आयोगले कार्यालय र स्थानीय तहलाई प्रयोगकर्ता पहिचान (युजर आइ. डि.) मार्फत् पहुँच उपलब्ध गराउनेछ र आवश्यकता अनुसार सूचना प्रणाली सञ्चालनका लागि अभिमुखीकरण समेत गर्नु पर्नेछ।

(३) आयोगले आयोजना बैङ्क सूचना प्रणालीलाई राष्ट्रिय आयोजना बैङ्क सूचना प्रणालीसँग आबद्ध गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्न सक्नेछ।

(४) आयोजना बैङ्क सूचना प्रणालीको अध्यावधिक गर्ने व्यवस्था आयोगले मिलाउनु पर्नेछ।

(५) यस दफा बमोजिम स्थापना भएको आयोजना बैङ्क सूचना प्रणाली प्रयोग गरी स्थानीय आयोजना बैङ्क व्यवस्थापनको कार्य गर्न आयोगले स्थानीय तहलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आयोजना बैङ्क सूचना प्रणालीमा पहुँच र प्रविधिक सहायता प्रदान गर्न सक्नेछ।

१२. <u>आयोजना बैङ्क प्रमाणीकरण तथा स्वीकृतिः</u> (१) यस कार्यविधि बमोजिम विषयगत मन्त्रालयले निर्णय गरी पेस गरेका प्रस्तावित आयोजनाको आयोगले सूची वा लगत तयार गरी प्रमाणीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएका आयोजनाको सम्बन्धमा आयोगले थप अध्ययन तथा विश्लेषण गर्न आवश्यक ठानेमा थप कागजात माग गर्न सक्नेछ। आयोगबाट माग भएको त्यस्तो कागजात उपलब्ध गराउनु विषयगत मन्त्रालय र स्थानीय तहको कर्तव्य हुनेछ।

(३) दफा ६ को उपदफा (८) बमोजिम न्यूनतम लागत सीमा भन्दा कम भएका आयोजनाको हकमा आयोगले औचित्य र उपयुक्तताको आधारमा छुट्टै सूची वा लगत तयार गर्न सक्नेछ।

(४) विषयगत मन्त्रालयले निर्णय गरी आयोग समक्ष पेस गरेका आयोजना तोकिएको समयसीमाभित्र दफा ८ को उपदफा (२) बमोजिम विश्लेषण भए नभएको मूल्याङ्कन गरी यस दफा बमोजिम आयोगले स्विकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आयोगले आयोजनाको बर्गीकरण र प्राथमिकीकरण सहित स्वीकृतिका लागि

सिफारिस गरेको आयोजना बैङ्क प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश सरकारबाट स्वीकृत भएको आयोजना बैङ्क आयोगले विषयगत मन्त्रालय र आर्थिक मामिला विषय हेर्ने मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(७) आयोजना बैङ्कमा समावेश भएका कुनै आयोजनाको विवरण संशोधन वा अद्यावधिक गर्न विषयगत मन्त्रालय र स्थानीय तहबाट कारण र पुष्ट्याई सहित अनुरोध भई आएमा आवश्यकता र औचित्यताका आधारमा आयोगले संशोधन वा अद्यावधिक गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-५

## आयोजना छनौट, बजेट सूचना प्रणालीमा प्रविष्टि तथा स्रोत व्यवस्थापन

१३. **आयोजना छनौट तथा प्रदेश बजेट सूचना प्रणालीमा प्रविष्टिः** (१) आयोजनाबाट पुग्ने योगदानको यथार्थ र वस्तुगत सूचकको आधारमा मूल्याङ्कन गरी आयोजना बैङ्कबाट वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिने आयोजनाको छनौट गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ। आयोजना बैङ्कमा समावेश नभएका आयोजना वा कार्यक्रमलाई विषयगत मन्त्रालयले बजेट सूचना प्रणालीमा प्रविष्टि गर्न मिल्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(२) आयोजना छनौट गर्दा पहिलो प्राथमिकताका आयोजनालाई विशेष महत्व दिनु पर्नेछ।

(३) आयोजना वा कार्यक्रम छनौट गर्दा यस मापदण्डमा उल्लेख भएका अन्य विषयका अतिरिक्त देहायका पक्षलाई विशेष ध्यान दिनु पर्नेछः-

**(क)** जिल्लागत तथा स्थानीय तहगत समानता कायम गर्नु पर्नेछ। आयोजनाको छनौट गर्दा स्थानीय तहको नाम र वडा नम्बर समेत खुलाउनु पर्नेछ।

**(ख)** एकै प्रकृतिका आयोजनाहरूको लागि अन्तर-निकाय समन्वय गरेर मात्र आयोजना छनौट गर्नु पर्नेछ।

**(ग)** नयाँ आयोजना तयार गर्दा लागत तथा समयको दोहोरोपना हटाउन सोही स्थान, उद्देश्य र प्रयोजनमा सङ्घीय सरकार र स्थानीय तहले बजेट विनियोजन गरे नगरेको एकिन गर्नु पर्नेछ।

**(घ)** नयाँ आयोजना स्वीकृत भए पश्चात अन्तर तह समन्वयको माध्यमबाट आयोजनाको दोहोरोपना नियन्त्रणको लागि सङ्घको विषयगत मन्त्रालय र

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

सम्बन्धित स्थानीय तहलाई जानकारी दिनु पर्नेछ।

(ङ) साधन, स्रोत, समय र क्षमताले धान्न सक्ने गरी उपयुक्त सङ्ख्यामा मात्र आयोजना छनौट गर्नु पर्नेछ।

(च) न्यून सञ्चालन खर्च र अधिक लाभ हुने आयोजनाहरू प्रस्ताव गर्नु पर्नेछ।

(छ) प्रदेश सरकारबाट बजेट विनियोजन भई भौतिक र वित्तीय प्रगति राम्रो रहेका आयोजनालाई निरन्तरता दिने गरी आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(ज) सार्वजनिक खरिद ऐन, नियम अनुसार समान अवसर र प्रतिस्पर्धाका आधारमा कार्यान्वयन गरिने गरी आयोजना वा कार्यक्रम छनौट गर्नु पर्नेछ।

(झ) गोष्ठी, तालिम, सचेतना जस्ता कार्यक्रम सञ्चालन गरिने वा अनुदान प्रदान गरिने कार्यक्रम प्रस्ताव गर्दा कुनै संस्था, व्यक्ती वा व्यवसायीको नाम तोकेर कार्यक्रम प्रस्ताव वा छनौट गर्न पाइने छैन।

(ञ) एउटै आयोजनामा प्रदेशका एक भन्दा बढी मन्त्रालय वा कार्यालयहरूबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

दोहोरो हुने गरी कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्न पाइने छैन।

(४) दीर्घकालीन महत्वका एवं प्रदेश गौरव वा रुपान्तरणकारी आयोजनाको हकमा बजेट तथा स्रोतको विश्लेषण र सुनिश्चितताको अवस्था हेरी आयोजना छनौट गर्न सकिनेछ।

(५) जनसहभागितामा सञ्चालन हुने आयोजनाहरू प्रस्ताव गर्दा महानगरपालिका तथा उपमहानगरपालिकामा न्यूनतम बिस प्रतिशत र नगरपालिका तथा गाउँपालिकामा न्यूनतम दश प्रतिशत स्रोत (श्रम वा नगद वा दुवै) साझेदारी संस्था वा समुदायले बेहोर्ने प्रतिवद्धता भएका आयोजना मात्र छनौट गर्नु पर्नेछ।

(६) देहायका सर्तहरू पूरा नभएका आयोजनाहरू छनौट गर्न पाइने छैनः-

(क) आर्थिक मामिला विषय हेर्ने मन्त्रालयबाट दिइएको बजेट सीमाभित्र नपर्ने र स्रोतको सुनिश्चितता नभएका आयोजना।

(ख) यस कार्यविधि बमोजिम पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रम।

(ग) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित आयोजना वा कार्यक्रमसँग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर निर्माणाधीन आयोजना वा कार्यक्रममा स्रोत अभाव भई आयोजना अपुरो हुने भएमा आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको पूर्व स्वीकृति लिई त्यस्ता आयोजना प्रस्ताव गर्न सकिनेछ।

(घ) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम छनौट गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि र विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार गर्नु पर्नेछ।

(७) विषगत मन्त्रालयले आयोजना छनौटको अन्तिम स्वीकृति प्रदान गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ बमोजिम आयोजनाको प्रस्ताव तयार गरी वार्षिक विकास कार्यक्रमको विवरण "प्रदेश बजेट सूचना प्रणाली" मा प्रविष्ट गर्नु पर्नेछ।

१४. <u>स्रोत व्यवस्थापनः</u> (१) विषयगत मन्त्रालयले मातहत कार्यालयको चालु आर्थिक वर्षको लागि स्रोतगत रुपमा विनियोजित बजेट र बहुवर्षीय आयोजनाको प्रतिवद्ध दायित्वमध्ये आगामी आर्थिक वर्षमा आवश्यक पर्ने रकम समेत विश्लेषण गरी सन्तुलित एवं समानुपातिक रुपमा

आगामी आर्थिक वर्षको लागि बजेट सीमा बाँडफाट गर्नु पर्नेछ।

(२) आर्थिक मामिला विषय हेर्ने मन्त्रालयले बजेटको सीमा निर्धारण वा बाँडफाँट गर्दा वा उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले बजेट सीमा बाँडफाट गर्दा आवधिक योजना र मध्यमकालीन खर्चसंरचनाको बजेट प्रक्षेपण, गत आर्थिक वर्षको खर्च, चालु आर्थिक वर्षको विनियोजनका आधारमा अनुसूची-११ बमोजिमको ढाँचामा विषय क्षेत्रगत रुपमा विश्लेषण गर्नु पर्नेछ।

(३) आयोजना कार्यान्वयन कार्ययोजना अनुसार आगामी आर्थिक वर्षमा खर्च गर्न सकिने रकम अनुमान गरी त्रैमासिक विभाजन सहित वार्षिक विकास कार्यक्रममा समावेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## विविध

१५. <u>कार्यविधिको स्पष्टता र थप मापदण्ड निर्धारणः</u> (१) यस कार्यविधिमा भएको आयोजना बैङ्कको सूचना प्रणाली सञ्चालनमा कुनै द्विविधा उत्पन्न भएमा सोको स्पष्टता आयोगले गर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि स्वीकृत भएको मितिले एक हप्ताभित्र आयोगले आयोजना प्रस्ताव आह्वान गरी आयोजना बैङ्क तयारीको कार्य गर्न बाधा पर्नेछैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) आयोजना पहिचान, विश्लेषण तथा मूल्याङ्कनको लागि यस कार्यविधिमा निर्धारण गरिएका आधारहरूको अतिरिक्त विषयगत मन्त्रालयले मूल्याङ्कनको लागि उपयुक्त प्रभावपरक सूचक तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछन।

तर यस्ता सूचक तथा मापदण्डको जानकारी आयोगलाई गराउनु पर्नेछ।

(४) क्रमागत एवं बहुवर्षीय आयोजनालाई सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गरेपछि मात्र नयाँ आयोजना छनौट कार्य गर्नु पर्नेछ।

(५) सङ्घको अधिकार सूचीमा समावेश भएका एवं साझा अधिकार सूचीमा रहेका ठूला प्रकृतिका आयोजनाको सञ्चालनका लागि सङ्घीय आयोजना बैङ्कमा समावेश गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा राष्ट्रिय योजना आयोग समक्ष प्रस्ताव पेस गर्न सकिनेछ।

(६) स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने वा साझा अधिकारसूची अन्तरगत स्थानीय तहबाट कार्यान्वयन गर्दा प्रभावकारी हुने, न्यून लागत एवं साना प्रकृतिका आयोजनाको पहिचान भएमा त्यस्ता आयोजना कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(७) निजी क्षेत्रबाट सञ्चालन हुन सक्ने वा सार्वजनिक, नीजी तथा सहकारी साझेदारीमा कार्यान्वयन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गर्न उपयुक्त हुने देखिएका आयोजनाको सञ्चालन सम्बन्धी कार्य अघि बढाउन विषयगत मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(८) वैदेशिक सहायताबाट कार्यान्वयन गरिने आयोजनाको सूची तयार गरी विषयगत मन्त्रालयले आर्थिक मामिला विषय हेर्ने मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(९) आयोजना बैङ्क व्यवस्थापन प्रणालीमा स्थानीय तहले अवलम्वन गर्ने चरण अनुसूची-१२ बमोजिम हुनेछ।

(१०) आयोजना बैङ्क व्यवस्थापन प्रणालीमा कार्यालयले अवलम्बन गर्ने चरण अनुसूची-१३ बमोजिम हुनेछ।

(११) आयोजना बैङ्कमा समावेश नभए तापनि सङ्घ ससर्त अनुदान तथा वैदेशिक अनुदानको आयोजना वा कार्यक्रमहरु बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न बाधा पर्ने छैन।

(१२) स्थानीय तहले आफ्नो आयोजना बैङ्क तयार गर्दा यस कार्यविधिमा व्यवस्था भए बमोजिम आयोजना वर्गीकरण र प्राथमिकीकरणका आधार तथा मापदण्ड बमोजिम कार्यान्वयन योग्य आयोजना छनौट गर्न सक्नेछ।

१६. <u>अनुसूचीमा संशोधनः</u> आयोगले आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको परामर्शमा कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

१७. <u>खारेजी र बचाउः</u> (१) “प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०” र “कोशी प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१” खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कोशी प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजना आवश्यकता अनुसार अद्यावधिक गरी यस कार्यविधि बमोजिमको आयोजना बैङ्कमा समावेश गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना वर्गीकरणका आधार**

| सि.नं. | वर्गीकरणको आधार | आयोजनाको वर्गीकरण |
|---|---|---|
| १ | विषय क्षेत्र (Sectoral) | १.१ आर्थिक क्षेत्र<br>१.२ सामाजिक क्षेत्र<br>१.३ पूर्वाधार क्षेत्र<br>१.४ वन तथा वातावरण<br>१.५ सुशासन क्षेत्र<br>१.६ अन्तरसम्बन्धित क्षेत्र |
| २ | विकासको आयाम | २.१ आर्थिक विकास<br>२.२ सामाजिक विकास<br>२.३ वातावरणीय विकास |
| ३. | प्रत्यक्ष लाभान्वित क्षेत्र | ३.१ एउटा मात्र स्थानीय तह लाभान्वित हुने आयोजना,<br>३.२ दुई वा सो भन्दा बढी स्थानीय तहमा लाभान्वित हुने आयोजना,<br>३.३ एउटा मात्र जिल्ला लाभान्वित हुने आयोजना,<br>३.४ एकभन्दा बढी जिल्लाहरू लाभान्वित हुने आयोजना,<br>३.५ प्रदेशका सबै जिल्लाहरू लाभान्वित हुने आयोजना |
| ४. | खर्चको श्रोत | ४.१ प्रदेश सरकारको स्रोतबाट मात्र सञ्चालन हुने आयोजना,<br>४.२ ससर्त अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना,<br>४.३ समपूरक अनुदान/सहलगानीका आयोजना, |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | ४.४ विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना,<br>४.५ वैदेशिक सहायता अन्तर्गत सञ्चालन हुने आयोजना,<br>४.६ सार्वजनिक, निजि तथा सहकारी साझेदारीमा संचालित हुने आयोजना |
| ५. | आयोजनाको अवस्था | ५.१ नयाँ प्रस्ताव भएको आयोजना<br>५.२ पूर्वसम्भाव्यता अध्ययन भएको आयोजना<br>५.३ विस्तृत सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव परीक्षण सम्पन्न आयोजना<br>५.४ निर्माणाधीन आयोजना<br>५.५ निर्माण सम्पन्न आयोजनामा थप काम गर्नुपर्ने आयोजना<br>५.६ मर्मत सम्भार गर्नुपर्ने आयोजना |
| ६. | आयोजनाको प्रभावका आधारमा | ६.१ दीर्घकालीन महत्वका आयोजना<br>६.२ प्रदेश गौरव/रुपान्तरणकारी आयोजना<br>६.३ अन्तरस्थानीय तहस्तरीय आयोजना<br>६.४ लक्षित वर्ग/विशेष आयोजना<br>६.५ क्रमागत एवं सालबसाली आयोजना<br>६.६ स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजना |
| ७. | कार्यान्वयन गर्ने निकायका आधारमा | ७.१ प्रदेशका निकायहरूबाट कार्यान्वयन हुने<br>७.२ स्थानीय तहबाट कार्यान्वयन गर्न वित्तीय हस्तान्तरण गरिने<br>७.३ प्राधिकरण वा कम्पनीबाट कार्यान्वयन गरिने<br>७.४ गैह्रसहकारी संस्थाबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमहरू |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

<u>स्पष्टीकरणः</u> यस अनुसूचीको प्रयोजनको लागि "सालबसाली आयोजना" भन्नाले एक आर्थिक वर्षभित्रमा सम्पन्न गरिने आयोजना वा क्रमागत आयोजनालाई सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**आयोजनासँग सम्बन्धित विषयगत क्षेत्र**

विकास आयोजनाको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास आयोजनाहरूलाई छ वटा मुख्य क्षेत्रहरूमा वर्गीकरण गरी त्यस अन्तरगत पर्ने उपक्षेत्र देहाय बमोजिम छुट्याइएको छ। आयोजनाहरूलाई विषय क्षेत्रगत रुपमा वर्गीकरण गर्दा प्रदेशको आवधिक योजनामा उल्लेखित विषय क्षेत्र तथा उपक्षेत्रहरूलाई आधार लिइएको छ।

| क्र.सं | प्रमुख क्षेत्रहरू | उपक्षेत्रहरू | |
|---|---|---|---|
| १. | आर्थिक क्षेत्र | १.१ कृषि, पशुपंक्षी तथा मत्स्य विकास<br>१.२ खाद्य सुरक्षा तथा पोषण<br>१.३ गुठी तथा भूमि व्यवस्थापन<br>१.४ उद्योग, वाणिज्य तथा आपूर्ति | १.५ खानी तथा खनिज सम्पदा<br>१.६ पर्यटन<br>१.७ सहकारी क्षेत्र |
| २. | सामाजिक क्षेत्र | २.१ जनसङ्ख्या तथा बसाइँसराई<br>२.२ शिक्षा<br>२.३ स्वास्थ्य तथा पोषण<br>२.४ खानेपानी तथा सरसफाई<br>२.५ युवा तथा खेलकुद | २.७ बालवालिका तथा किशोरकिशोरी<br>२.८ ज्येष्ठ नागरिक<br>२.९ अपाङ्गता भएका व्यक्ति<br>२.१० भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| | | २.६ लैङ्गिक समानता तथा महिला सशक्तीकरण | संरक्षण सामाजिक समावेशीकरण<br>२.११ सामाजिक सुरक्षा तथा संरक्षण |
| ३. | पूर्वाधार क्षेत्र | ३.१ जलस्रोत<br>३.२ सिंचाई<br>३.३ जलविद्युत<br>३.४ सौर्य तथा अन्य नवीकरणीय उर्जा<br>३.५यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन<br>३.६सूचना तथा सञ्चार प्रविधि | ३.७ स्थानीय पूर्वाधार<br>३.८ विज्ञान तथा प्रविधि<br>३.९ सहरी विकास<br>३.१० ग्रामिण विकास<br>३.११ आवास तथा बस्ती विकास र पुनर्निर्माण |
| ४. | वन तथा वातावरण | ४.१ वन, वनस्पति सम्पदा तथा जैविक विविधता<br>४.२ वातावरण | ४.३ जलवायु परिवर्तन |
| ५. | लोकतन्त्र र सुशासन | ५.१ राष्ट्रिय एकताको प्रवर्द्धन<br>५.२ शान्ति, सुरक्षा तथा सुव्यवस्था<br>५.३ नेतृत्व निर्माण<br>५.४ न्याय प्रणाली | ५.८ शासकीय सुधार<br>५.९ प्रशासकीय सुशासन<br>५.१० भ्रष्टचार निवारण |

| | | | |
|---|---|---|---|
| | | ५.५ मानव अधिकार<br>५.६ सङ्घीय शासन प्रणाली<br>५.७ प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकास | ५.११ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण<br>५.१२ सार्वजनिक वित्तीय सुशासन |
| ६. | अन्तरसम्बन्धित क्षेत्र | ६.१ तथ्याङ्क प्रणाली<br>६.२ गरिबी निवारण<br>६.३ श्रम तथा रोजगारी<br>६.४ मानव संसाधन विकास | ६.५ अनुसन्धान र विकास<br>६.६ सामाजिक समावेशिकरण<br>६.७ विपद व्यवस्थापन<br>६.८ योजना तर्जुमा तथा कार्यान्वयन |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

**<u>आयोजना प्राथमिकीकरणका आधार र सोको मूल्याङ्कन मापदण्ड</u>**

आयोजना/कार्यक्रमको नामः

| (क) सामान्य आधार (७० अङ्क) | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **प्राथमिकीकरका आधार** | **अन्तरसम्बन्ध** | **मूल्याङ्कन** | | |
| | | | **योगदान** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** |
| १. | तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउने | चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा र प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएका क्षेत्रको उत्पादन, मूल्य अभिवृद्धि र आय वृद्धिमा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | १० | |
| | | | कम वा सामान्य (सामान्य) | ५ | |
| | | | योगदान नपुऱ्याएमा (न्यून) | ० | |
| २. | दीगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने | दिगो विकास लक्ष्य १ (सबै प्रकारका गरिबीको अन्त्य) र लक्ष्य ८ (पूर्ण र उत्पादनमुलक रोजगारी प्राप्ति वा वृद्धि) मा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ६.५ | |
| | | | कम वा सामान्य (सामान्य) | ३ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | योगदान नपुऱ्याएमा (न्यून) | ० | |
| ३. | सहभागिताको अवस्था | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहने<br>• नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वा<br>• स्थानीय तह, वा<br>• निजी क्षेत्र | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | ५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ३.५ | |
| | | | कम वा सामान्य (सामान्य) | २ | |
| | | | कुनै सहभागिता नरहने (न्यून) | ० | |
| ४. | (क) क्षेत्रीय समावेशीकरणमा योगदान | मानव विकास सूचकाङ्कमा तलदेखि २५ औ स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना/कार्यक्रम | अति उत्तम | १० | |
| | | मानव विकास सूचकाङ्कमा २६ देखि ५० औ स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना/कार्यक्रम | उत्तम | ६.५ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | मानव विकास सूचकाङ्कमा ५१ देखि ७५ औ स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना/कार्यक्रम | सामान्य | ३ | |
| | | मानव विकास सूचकाङ्कमा ७५ औ स्थानदेखि माथिका जिल्लाहरूमा सञ्चालन हुने वा क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने आयोजना/कार्यक्रम | न्यून | ० | |
| | (ख) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणमा योगदान | सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई बढवा दिने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | ५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ३.५ | |
| | | | कम वा सामान्य (सामान्य) | २ | |
| | | | असन्तोषजनक (न्यून) | ० | |
| ५. | आयोजनाको पूर्व कार्यसम्पादन तथा सम्पन्न हुन लाग्ने समय | (क) <u>चालु/निर्माणाधीन आयोजनाको लागि</u> | प्रगति ८०% भन्दा बढी वा आगामी आ.व.मा | १० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | ((क) वा (ख) मध्ये कुनै एकमा मूल्याङ्कन गरी अङ्क दिने) | चालु आ.व.को दोस्रो चौमासिकसम्मको भौतिक तथा वित्तीय प्रगति अवस्था वा आयोजना सम्पन्न हुने अवधि (कार्यान्वयन गर्न लाग्ने समय) | सम्पन्न हुने निश्चित रहेको (अति उत्तम) | | |
